# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं


मिति: २०८२।०९।०९ गते।

# प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी योगेन्द्र प्रसाद यादवसमेत रहेको सार्वजनिक सम्पत्ति हानी नोक्सानी तथा सरकारी कागजात नोक्सान गरी भ्रष्टाचार गरेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट नेपाल राष्ट्रिय प्राथमिक विद्यालय, रौवाहीका तत्कालीन शिक्षक योगेन्द्र प्रसाद यादव समेतका प्रतिवादीहरु उपर सरकारी कागजात लुकाई गैरकानूनी तरिकाले निबृतिभरण दिलाई भ्रष्टाचार गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ तथा दफा १७ बमोजिमको कसुरमा सोही ऐनको दफा १२ बमोजिम कैद र जरिबाना तथा सोही ऐनको दफा १७ ले निर्देशित गरे अनुसार सोही ऐनको दफा ३(१) र ३(१) को (च) बमोजिम कैद र जरिवाना गरी हानि नोक्सानी भएको बिगो रु.१६,९२,२६९।२५ ऐ.ऐनको दफा १७ बमोजिम असूल उपर हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०२।११ को फैसलाबाट आंशिक सफाई दिएकोले उल्लिखित फैसलाउपर चित्त नबुझी मिति २०८२।०९।०९ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

सहायक प्रवक्ता
गणेश बहादुर अधिकारी